## परिचय

औलो लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । औलो रोग प्लाज्मोडियम फाल्सिपेरम, भाइभेक्स, मलेरी, वभेली जातका परजीवीहरूले सार्ने गर्दछन् । नेपालमा साधारणतया यो रोग प्लाज्मोडियम फाल्सिपेरम र प्लाज्मोडियम भाइभेक्स नामक परजीवीहरूका कारणले भएको पाइएका छ । त्यसमध्ये प्लाज्मोडियम फाल्सिपेरम जातको औलो परजीवी बढी घातक हुन्छ । औलो रोगबाट मानिसको मृत्यु हुने प्रमुख कारण पनि यही हो ।



## औलो रोग सर्ने तरिका



एनोफिलिस जातको, (औलोको परजीवीबाट संक्रमित) पोथी लामखुट्टेले स्वस्थ मानिसलाई टोक्यो भने लामखुट्टेको र्‍यालसँगै औलोका परजीवीहरू रगतको प्रवाहमा सर्छन् र मानिसलाई औलो रोग लाग्छ । अतः लामखुट्टेको टोकाइबाट बच्नु नै औलो रोगबाट बच्ने सर्वोत्तम उपाय हो ।

## औलोका लक्षणहरू



१. औलोको मुख्य लक्षण ज्वरो आउनु हो । ज्वरोमा प्रायः जाडो, गर्मी र पसिना आउने तीन अवस्थाहरू हुन्छन् ।
२. रक्तअल्पता हुने हुन्छ ।
३. ज्वरो केही समय बिराई वा नियमित आउँछ ।
४. लामो समयसम्म औलोले ग्रसित पारेमा फियोको आकार निकै वृद्धि हुन्छ ।

यसका साथै औलोबाट हुने मस्तिष्क ज्वरोमा बिरामीको मस्तिष्क कार्यप्रणालीमा असर भई टाउको दुख्ने, वान्ता हुने, बेहोस हुने र समयमा उपचार नपाएमा मृत्युसमेत हुने गर्छ ।

## औलोको शंका लागेमा सम्पर्क गर्ने स्थान

विशेष गरी तराई तथा भित्री मधेशका बासिन्दामा माथि उल्लिखित लक्षण सहित ज्वरो आएमा औलोको शंका गर्नुपर्छ र अविलम्ब नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मी कहाँ गई औलो रोग परीक्षणको लागि बिरामीको रगत दिनु पर्छ । रगत परीक्षणबाट औलो रोग लागेको प्रमाणित भएमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार स्वास्थ्य संस्थाबाट निःशुल्क पाइने औषधि सेवन गर्नुपर्छ ।

## औलो रोगबाट बच्ने उपायहरू

### १. लामखुट्टेको टोकाइबाट बच्नु

लामखुट्टेको टोकाइबाट बच्नको लागि घरपरिवारमा सबैले सुत्दा सधैं कीटनाशकयुक्त झुलको प्रयोग गर्नुपर्छ। घरको झ्यालढोकामा जालीको प्रयोग गर्ने र त्यस्तो व्यवस्था हुन नसक्ने ठाउँमा लामखुट्टे भगाउने धुपको प्रयोग गर्नुपर्छ । घरबाहिर लामखुट्टे लाग्ने ठाउँतिर जाँदा पूरा बाहुला भएको लुगा लगाउने तथा शरीरको खुला भागमा लामखुट्टे धपाउने मलमको प्रयोग गर्नुपर्छ ।



### २. लामखुट्टेको नाश गर्नु

नेपाल सरकारको तर्फबाट बेलाबेलामा कीटनाशक औषधि छर्कन आउने टोलीलाई पूर्ण मद्दत दिई लामखुट्टे नाश गर्न आ-आफ्नो घर गोठमा कीटनाशक औषधि छर्कन लगाउनुपर्छ । कीटनाशक विषादीको असरले लामखुट्टेहरू ३ देखि ६ महिनासम्म मर्न सक्छन् । यसरी कीटनाशक छर्केको भित्तामा कम्तिमा ३ महिनासम्म लिपपोत गर्नु/गराउनु हुँदैन ।

### ३. लामखुट्टे हुर्कने ठाउँ कम गर्ने

लामखुट्टेको वृद्धि कम गर्न लामखुट्टे हुर्कने ठाउँ घरआँगन, वरिपरिका खाल्डाखुल्डीहरूलाई पुरी पानी जम्न नदिने, पोखरी छेउछाउको ठाउँलाई राम्ररी सफा राख्ने, नहर, कुलो, पानी बगेको ठाउँ छ भने त्यहाँ पानी जम्न नदिने र जमेको पानीलाई बगाइदिने गर्नुपर्छ । पानीको आवश्यक नपर्ने ठाउँमा पानी सोस्ने खालका रूखहरू जस्तै : जामुन, सिमल, मसला आदिका रूखहरू भएकोले पानी जम्ने ठाउँमा रोप्नु उत्तम हुन्छ ।

### ४. लामखुट्टेको बच्चा विनाश गर्नु

लामखुट्टेले खास गरी जमेको पानीमा फुल पार्ने भएकाले खाल्डो पुरिदिएमा लामखुट्टेका लार्भाहरू तुरुन्तै मर्दछन् । अर्को उपाय पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने साना खालका माछाहरू पालिएमा लामखुट्टेको संख्यामा कमी ल्याउन वा नाश गर्न सकिन्छ ।

### ५. परजीवी नाश गर्ने

औलो रोगीलाई लामखुट्टेले टोकी अर्को स्वस्थ मानिसलाई टोक्दा औलो सर्न सक्छ र स्वस्थ मानिसलाई टोकेको केही दिनपछि ज्वरो आउन सक्छ । तसर्थ, मानिसको शरीरमा रहेको परजीवी नाश गर्नु अत्यन्त आवश्यक छ । अतः ज्वरो आउनासाथ तुरुन्तै रगत जाँच गराउने, रोग निक्यौंल गर्ने र औलो रोग रहेछ भने सकेसम्म छिटो र पूर्णमात्रा औषधि उपचार गराइहाल्नु पर्छ ।

## औलो रोगबारे जिम्मेवारी

- औलो ग्रसित क्षेत्र वा ती क्षेत्रबाट आएका कुनै व्यक्तिलाई ज्वरो आएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लगी रगत जाँच गराई औलो रोग देखिएमा तुरुन्त उपचार गराऔं ।
- औलो ग्रसित क्षेत्रमा ज्वरोको महामारी फैलिएमा अविलम्ब जिल्ला जनस्वास्थ्य कार्यालय वा नजिकको स्वास्थ्य संस्थालाई खबर गरौं ।
- स्वास्थ्य सेवा र औषधि छर्कने कार्यका लागि खटिई आउने कर्मचारीलाई आवश्यक सहयोग गरी सम्पूर्ण समुदायमा सेवा प्रदान गराऔं ।
- घर तथा सडक वरिपरि खाल्डाखुल्डी पुर्ने तथा पोखरी, इनार र कुलोको वरिपरि नियमित रूपमा सफासुग्घर गरौं ।
- सुत्दा सधैं कीटनाशकयुक्त झुलको प्रयोग गर्न घरपरिवारका सबै सदस्यहरूलाई उत्प्रेरित गरौं ।

**घरपरिवारका सबैले, सुत्दा सधैं**
**कीटनाशकयुक्त झुलको प्रयोग गरौं ।**
**औलो रोग लाग्नबाट बचौं, बचाऔं ।**

**यस सम्बन्धी थप जानकारीको लागि**
**नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला ।**

World Health Organization

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं, फोन : ०१-४२५४२७१, फ्याक्स नं. : ०१-४२६१३८७
Website : www.nheicc.gov.np
२०७०/०७१

# औलो

**"लामखुट्टे, भुसुना साना प्राणी हुन्, यिनको टोकाइले स्वास्थ्यमा ठूलो खतरा ल्याउन सक्छ"**



**ज्वरो आउनासाथ बेलैमा रगत परीक्षण गरौं,**
**औलो रोग देखिएमा तुरुन्त उपचार गरौं ।**